सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १७८ ♦ २०८२ साल फागुन १९ मंगलवार ♦ 3 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# बच्चा चोरीको हल्ला पश्चात गौशाला बजार तनावग्रस्त, १७ राउण्ड हवाइ फायर





**खबर दर्पण समाचारदाता**

**फागुन १८ गते, बर्दिवास**

गौशाला नगरपालिका -५ स्थित गौशाला बजारमा सोमबार साँझ बालबालिका खेल्ने क्रममा एक महिलाले बच्चा चोरी गर्न लागेको हल्ला फैलिएपछि अवस्था तनावग्रस्त बनेको छ। स्थिति नियन्त्रणमा लिन सुरक्षकर्मीले १७ राउण्ड हवाइ फायर गरेको छ ।

प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गामुढा लागेर सशस्त्रतर्फका २ जना प्रहरी जवान घाइते भएका छन् । घटनास्थललाई अहिले सेनासहितको सुरक्षा टोलीले नियन्त्रणमा लिएको छ। बर्दीबासस्थित सशस्त्र प्रहरी बल छिन्नमस्ता वाहिनी मूख्यालयका अनुसार तनाव चर्कदै गएपछि सोमवार साँझ करिव साढे ७ बजेतिर भिडले सोही वडामा रहेको समिर गेष्ट हाउसमा आगजनी प्रयास गरेपछि अवस्था उग्र बनेको थियो ।

गौशाला बजारका स्थानीय प्रत्यक्षदर्शीका अनुसार बच्चा चोरेको हल्ला फैलिएपछि एक हजार जना बढीको भिड गेष्टहाउस घेराउ गर्दै आगजनी प्रयास गरेको थियो ।

अवस्थालाई थप तनावग्रस्त हुन नदिन सुरक्षाकर्मीले १७ सेल अश्रुग्यास प्रहार गरेको बर्दीबासस्थित सशस्त्र प्रहरी बल छिन्नमस्ता वाहिनी मूख्यालयका डिआइजी कृष्ण ढकालले बताउनुभयो ।

डिआइजी ढकालका अनुसार संयुक्त सुरक्षा टोलीको प्रयासमा बर्दिबास तथा रामगोपालपुर नगरपालिकाबाट घटनास्थल पुगेको वारुणयन्त्रले गेष्टहाउसमा लागेको आगो नियंत्रणमा लिएको थियो ।

बर्दीबासस्थित निर्वाचन क्षेत्र न. १ स्थित बेशबाट स.प्र.ना.उ. गान्धिवराज स्याङतानको कमान्डमा ६२ जना र सशस्त्र प्रहरी २ छिन्नमस्ता बाहिनीबाट एएसआई रोशन खड्काको नेतृत्वमा ४ जना सुरक्षाकर्मीको टोली नेपाली सेना, नेपाल प्रहरीको टोली सो क्षेत्रमा खटिएको छ ।

बच्चा चोरेको आरोप लागेकी भारतीय महिलाको उद्धार गरी जिल्ला प्रहरी कार्यालय महोत्तरी लगेको मधेश प्रदेश प्रहरी कार्यालयका डिआइजी गोविन्द थपलियाले बताउनुभयो।

उक्त घटनाप्रति दुःख व्यक्त गर्दै गौशाला नगरपालिकाका नगर प्रमुख डा. दिपेन्द्र महतोले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि आवश्यक कार्वाहीको सम्बन्धीत निकाय संग माग गरेको छ। उहाँले यस्ता घटनाले समाजमा नकारात्मक सन्देश जाने भन्दै सत्यतथ्य छिटो सार्वजनिक गर्न सम्बन्धित निकायलाई आग्रह गर्नुभयो ।

यता, जिल्ला प्रहरी कार्यालय महोत्तरी का प्रमुख प्रहरी उपरीक्षक हेरम्ब शर्मा ले घटना अनुसन्धान अगाडि बढाइएको जानकारी दिँदै संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याइने बताउनुभयो ।

# मधेश प्रदेशमा ५० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालित

**खबर दर्पण समाचारदाता**

**फागुन १८ गते, बर्दिवास**

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मधेश प्रदेशमा सुरक्षा व्यवस्था कडा पारिएको छ । निर्वाचन आचारसंहिता उल्लंघन रोक्न, मतदाता र मतदान केन्द्रको सुरक्षा सुनिश्चित गर्न प्रदेश प्रहरी कार्यालय जनकपुर धामले सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको छ ।



प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी कमल थापाले पत्रकार हरूसँग कुरा गर्दै भने, 'निर्वाचन सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र म्यादी प्रहरीसहित कुल ५० हजारभन्दा बढी सुरक्षाकर्मी खटाइएको छ। प्रदेशभरिका आठ जिल्लाका मतदान स्थल तथा केन्द्रहरूको निरीक्षण र अनुगमन कार्य पनि पूरा भइसकेको छ।'

प्रदेश प्रहरी कार्यालयका तथ्यांकअनुसार मधेश प्रदेशमा जम्मा २ हजार १६० मतदान स्थल छन् । तीमध्ये १ हजार २४६ मतदान स्थल अतिसंवेदनशील सूचीमा परेका छन् ।

प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये ७५५ मतदान स्थल उच्च जोखिममा र १५९ सामान्य जोखिममा रहेको छ। भारतीय सीमासँग जोडिएका अधिकांश मतदान स्थललाई

*बाँकी पृष्ठ ३ मा*

# आचारसंहिता उल्लंघन गर्नेलाई २५ हजारसम्म जरिवाना

**खबर दर्पण समाचारदाता**

**फागुन १८ गते, बर्दिवास**

प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय महोत्तरीले फागुन १८ गते राति १२ बजेदेखि लागू हुने गरी चुनावी प्रचार प्रसारमा पूर्ण प्रतिबन्ध लगाएको छ ।

कार्यालयद्वारा जारी सूचनाअनुसार फागुन २१ गते बिहान ७:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म मतदान कार्य हुने भएकाले सो अवधिसम्मका लागि कुनै पनि उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचार गर्ने उद्देश्यले सभा, जुलुस, नाराबाजी तथा अन्य कुनै किसिमका प्रचारात्मक गतिविधि गर्न नपाइने उल्लेख गरिएको छ ।

सूचनामा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ उपदफा (५) बमोजिम प्रचार-प्रसार निषेध गरिएको स्पष्ट पारिएको छ ।

प्रशासनले प्रतिबन्धको उल्लंघन गरेमा कानूनअनुसार अधिकतम २५ हजार रुपैयाँसम्म जरिवाना हुनसक्ने चेतावनीसमेत दिएको छ ।

प्रशासनिक अधिकृत कामेश्वर यादवद्वारा हस्ताक्षरित सूचनामार्फत निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सबै सरोकारवालालाई आ-आफ्नो ठाउँबाट सहयोग गर्न आग्रह गरिएको छ ।

# महोत्तरीमा मतदान टोली केन्द्रमा पुग्न थाले

खबर दर्पण समाचारदाता
फागुन १८ गते, बर्दिबास



आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदान टोलीहरू मतदान केन्द्रतर्फ पुग्न थालेका छन्। आजै क्षेत्र नं. ३ को मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट तथा क्षेत्र नं. १, २ र ४ का सम्बन्धित निर्वाचन अधिकृतका कार्यालयबाट मतदान सामग्री बुझी मतदान अधिकृतसहितका टोलीहरू तोकिएका केन्द्रतर्फ प्रस्थान गरेका हुन्।

जिल्लामा रहेका कुल २५८ मतदान स्थलअन्तर्गत ५३६ मतदान केन्द्रमा निर्वाचन सम्पन्न गराउन ५३६ मतदान अधिकृत, ५३६ सहायक मतदान अधिकृत, एक हजार ६०८ सहायक कर्मचारी र ५३६ कार्यालय सहयोगी खटाइएको छ। साथै, स्थायी मतदान केन्द्रबाहेक थप तीन सहायक मतदान केन्द्रमा ३ मतदान अधिकृत, ३ सहायक मतदान अधिकृत र ३ कार्यालय सहयोगी परिचालन गरिएको छ। सबै स्थायी तथा अस्थायी मतदान केन्द्रमा मतदान टोलीसँगै निर्वाचन प्रहरीसहितको सुरक्षा व्यवस्था मिलाइएको छ। मतदान केन्द्रको भित्री सुरक्षाको जिम्मा नेपाल प्रहरी र निर्वाचन प्रहरीलाई दिइएको छ भने बाहिरी सुरक्षामा सशस्त्र प्रहरी परिचालन गरिएको छ। त्यसैगरी नेपाली सेनाले गस्तीमार्फत समग्र सुरक्षा व्यवस्थामा सहयोग गर्ने जनाइएको छ।

जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा ५६ दलका र ८३ स्वतन्त्र गरी कुल १३९ उम्मेदवार चुनावी मैदानमा रहेका छन्। तीमध्ये १९ महिला र १२० पुरुष उम्मेदवार छन्।

महोत्तरीमा महिला मतदाता एक लाख ९६ हजार ९७, पुरुष मतदाता दुई लाख ३५ हजार १८३ र अन्य दुई गरी कुल चार लाख ३१ हजार २८२ मतदाता रहेका छन्।

# बर्दिबास ६ कृष्णपुरमा एमालेका ३१ जना नेकपा प्रवेश



खबर दर्पण समाचारदाता
फागुन १८ गते, बर्दिवास

महोत्तरीको बर्दिबास नगर पालिका वडा नम्बर ६ कृष्णपुर मा एमाले परित्याग गरि ३१ जना नेपाली कम्युनिस्ट पार्टी ( नेकपा) प्रवेश गरेका छन् ।

वेद बहादुर लुम्रेको नेतृत्वमा आज एमाले परित्याग गरि ३१ जना नेकपा प्रवेश गरेका हुन् । नेपाली कम्युनिस्ट पार्टी, महोत्तरी क्षेत्र नम्बर १ का उमेदवार गिरिराजमणि पोखरेलले उनीहरूलाई पार्टी प्रवेश गराए ।

महोत्तरी क्षेत्र नम्बर १ मा विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्ने व्यक्ति गिरि राजमणि पोखरेल नै भएकाले आफूहरू नेकपा प्रवेश गरेको लुम्रेको भनाइ छ ।

उनले भने, 'यस क्षेत्रको विकासका लागि काम गर्न सक्ने व्यक्ति भनेकै गिरिराजमणि पोखरेल हुनुहुन्छ, हामीले अहिले रोज्ने भनेको यस क्षेत्रको विकास नै हो ।'

प्रचारप्रसारको समय अन्तिम हुँदै गर्दा नेकपाका नेताहरूले यस क्षेत्रमा आफूहरूको जित सुनिश्चित भएको दाबी गरेका छन् ।

'हामी दीर्घकालिन विकास र नागरिकको जीवनस्तर सुधारको मुख्य एजेन्डा लिएर अगाडि बढेका छौं, नेकपाका एक नेताले भने, 'यसअघि हाम्रो पार्टीका नेता गिरिराजमणि पोखरेलको नेतृत्वमा भएको कामका आधार मा पनि नागरिकले हामीलाई विश्वास गर्नुहुनेछ ।'

'यसपटकको जितले विकासका बाँकी काम पूरा गर्न र थप नयाँ योजना अगाडि बढाउन सहयोग पुग्नेछ' - उनले थपे ।

महोत्तरी १ को विकासका लागि यसअघि पनि आफू निरन्तर लागेको बताउँदै नेकपाका उमेदवार पोखरेलले अब बाँकी काम पूरा गर्न यसपटक अझै सक्रिय रहने बताए । उनले महोत्तरी क्षेत्र नम्बर १ का सबै मतदातालाई यस क्षेत्रको विकास र देशको अहिलेको परि स्थिति आँकलन गरेर आफूलाई मत दिनको लागि आग्रह समेत गरे ।

# मधेश प्रदेशमा सुरक्षा व्यवस्थापन कडा, सीमा नाकामा विशेष चेकजाँच

खबर दर्पण समाचारदाता
फागुन १८ गते, बर्दिवास

आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मधेश प्रदेशमा सुरक्षा व्यवस्था कडाइका साथ लागू गरिएको छ ।

सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै प्रदेशभर निगरानी बढाइएको तथा सीमा क्षेत्रमा विशेष चेकपोइन्ट स्थापना गरिएको सुरक्षा निकायले जनाएको छ ।

प्रदेश प्रहरी कार्यालयका अनुसार भारतसँग जोडिएका प्रमुख सीमा नाकाहरूमा सवारी साधन तथा व्यक्तिको आवतजावतमा निगरानी तीव्र पारिएको छ । शंकास्पद गतिविधि नियन्त्रण गर्न अस्थायी तथा स्थायी चेकपोइन्टमार्फत नियमित जाँच भइरहेको बताइएको छ ।

त्यसैगरी, जिल्लागत सुरक्षा समितिको समन्वयमा संवेदनशील र अतिसंवेदनशील मतदान केन्द्रहरूको पहिचान गरी त्यहाँ अतिरिक्त सुरक्षाकर्मी परिचालन गरिएको छ ।

मतदान स्थल वरिपरि गस्ती बढाइएको छ भने मतदानको दिन नजिकिँदै जाँदा थप सुरक्षा घेरा मजबुत बनाइने सुरक्षा अधिकारीहरूको भनाइ छ ।



सुरक्षा संयन्त्रले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र आवश्यकताअनुसार अन्य सुरक्षा निकायबीच समन्वय गरी एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको जनाएको छ ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन सबै निकाय तयारी अवस्थामा रहेको जनाइएको छ ।

प्रदेश प्रशासनले मतदातालाई ढुक्क भएर मतदान प्रक्रियामा सहभागी हुन आग्रह गर्दै कुनै पनि शंकास्पद गतिविधि देखिए तत्काल नजिकको सुरक्षा निकायलाई जानकारी गराउन अपिल गरेको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिजा) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेशमा ५० हजार....

अतिसंवेदनशील मानिएको छ। विशेषगरी सप्तरी जिल्लामा रहेका २९६ मतदान स्थलमध्ये २०९ उच्च जोखिममा छन्।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी गोविन्द थपालियाले भने, 'निर्वाचन शान्तिपूर्ण, भयरहित र निष्पक्ष वातावरणमा सम्पन्न गराउन सुरक्षा योजना योजनाबद्ध रूपमा अघि बढाइएको छ। नेपाल-भारत सीमाक्षेत्रमा विशेष निगरानी र जाँचचौकी स्थापना गरिएको छ। प्रत्येक मतदान केन्द्र र मतदान स्थलको अनुगमन कार्य पनि पूर्ण भइसकेको छ।'

निर्वाचनको दिनदेखि सुरक्षाकर्मी मतदान बुथमा पुग्ने, चार किल्ला निर्धारण गर्ने, सूचना टाँस गर्ने र मतदान केन्द्र वरिपरि निगरानी बढाउने कार्य गर्ने योजना छ।

यसका लागि मधेश प्रदेशका आठ जिल्लामा चार जना एसएसपीलाई जिल्लागत सुरक्षा कमान्डको जिम्मेवारी दिइएको छ।

एसएसपी थापाले धनुषा र महोत्तरी, एसएसपी भीमबहादुर दाहालले सिरहा र सप्तरी, एसएसपी शान्तिराज कोइरालाले बारा र पर्सा र एसएसपी सुरेश काफ्लेले रौतहट र सर्लाही जिल्लाको सुरक्षा कमान्ड सम्हाल्नेछन्। उनीहरूको जिम्मेवारी निर्वाचनपूर्व सुरक्षा मूल्यांकन र योजना निर्माणमा केन्द्रित रहेको छ।

विशेष सुरक्षा चुनौती भएका जिल्लाहरूमा सिरहा, सर्लाही, रौतहट र पर्सा पर्छन्। प्रमुख नेताहरूको उम्मेदवारी, दल परिवर्तन, धार्मिक संवेदनशीलता तथा विगतका निर्वाचनमा भएका घटनालाई ध्यानमा राख्दै सुरक्षा सतर्कता उच्च स्तरमा राखिएको छ।

सिरहाका १५४, धनुषाका १९४, महोत्तरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ तथा बाराका १४५ मतदान स्थल अतिसंवेदनशील सूचीमा परेका छन्।

मधेश प्रदेशमा कुल ४ हजार ४७१ मतदान केन्द्र रहेका छन्। यस निर्वाचनमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी १ हजार २८ जना उम्मेदवार प्रतिस्पर्धा गर्दैछन्।

प्रदेश प्रहरी र सुरक्षा निकायहरूले जनतालाई निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन आग्रह गर्दै मतदान केन्द्र वरिपरि सुरक्षा सतर्कता कडा राख्ने योजना बनाएका छन्।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६७११।२६ मा दर्ता भएको रेडियण्ट इन्भेष्टमेन्ट कम्पनी प्राइभेट लिमिटेड (प्रा.ली. नं. ८१३३७) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८१।०९।०८ मा दर्ता भएको जिप्सी रिसोर्ट प्राइभेट लिमिटेड (प्रा.ली. नं. ३५७८५४) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।


## भूकम्पबाट जोगिन सचेत बनौं

- ❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
- ❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
- ❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
- ❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
- ❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
- ❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

**भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।**

**औरही नगरपालिका, महोत्तरी**


# जनकपुरधाममा मिथिला माध्यमिकी परिक्रमा मंगलबार सम्पन्न हुने

**खबर दर्पण समाचारदाता**

**फागुन १८ गते, बर्दिवास**



जनकपुरधामको अन्तःगृह परिक्रमासँगै १५ दिने मिथिला माध्यमिकी परिक्रमा मंगलबार सम्पन्न हुने भएको छ।

मिथिला बिहारी मन्दिर, मिथिला बिहारी नगरपालिका-ठेरा कचुरीबाट फागुन ८ गते भगवानको डोला प्रस्थान गरसँगै मध्यमा परिक्रमा सुरु भएको थियो। परिक्रमामा सहभागी श्रद्धालु पदयात्रीहरू नेपाल र भारतका विभिन्न विश्रामस्थल हुँदै सोमबार जनकपुरधाम आइपुगेका छन्। मंगलबार जनकपुरधामको अन्तःगृह परिक्रमापछि औपचारिक रूपमा समापन हुनेछ।

अन्तःगृह परिक्रमा सम्पन्न भएसँगै जनकपुरधाम क्षेत्रमा होली मनाउने परम्परा रहेको छ। नेपाल-भारत दुवै देशको धार्मिक, सामाजिक तथा सांस्कृतिक सद्भावको प्रतीकका रूपमा लिइने यस परिक्रमा पदयात्रामा नेपालतर्फ १३ र भारततर्फ २ गरी १५ विश्रामस्थल निर्धारण गरिएका छन्।

परिक्रमामा सहभागी यात्रीहरूले नेपालतर्फ १०७ किलोमिटर र भारततर्फ २६ किलोमिटर गरी कुल १३३ किलोमिटर पैदल यात्रा गर्ने गर्दछन्।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०७४।०२।२४ मा दर्ता भएको प्रा.लि.नं.१६९३९६ भएको फ्निल्टुंग कन्स्टक्सन (प्रा.ली.) को २०८२।११।१८ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ
सम्पर्क नम्वरः९८४९७१४८६७


जहाँ आस्था छ, त्यहाँ पहिचान छ।
जहाँ इतिहास छ, त्यहाँ गौरव छ।
धार्मिक, ऐतिहासिक र पौराणिक महत्वले ओतप्रोत जनकपुरधामलाई
उत्कृष्ट धार्मिक पर्यटकीय नगरीका रूपमा विकास गर्न
हामी सबैले सम्पदा संरक्षण र सम्बर्द्धनमा हातेमालो गरौं।
जनकपुरधामको समृद्धि, हाम्रो साझा जिम्मेवारी।

**जनकपुरधाम उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
जनकपुरधाम, धनुषा, मधेश प्रदेश



## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

- ➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- ➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- ➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- ➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- ➢सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- ➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- ➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- ➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- ➢अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

# 'मौन अवधि' के हो ? उल्लङ्घन भए के कारबाही हुन्छ ?

खबर दर्पण समाचारदाता

**फागुन १८ गते, बर्दिवास**

आसन्न प्रतिधिसिभा सदस्य निर्वाचन अन्तर्गत राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारको अवधि आज मध्यरातदेखि सकिँदैछ । निर्वाचन आयोगले दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि सोमवार राति १२ बजेसम्म प्रचारप्रसारको समय प्रदान गरेको छ।

मतदान हुनु ४८ घण्टाअघिबाट मतदान सम्पन्न नभएसम्म कायम हुने मौन अवधिमा प्रचार प्रसार, भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइने छैन। मौन अवधिमा मत माग्न, पोस्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँडडुललगायतका क्रियाकलाप गर्न नपाइने आयोगले जनाएको छ।

मौन अवधिमा निर्वाचनलाई प्रभाव पार्ने हिसाबले आर्थिक कारोबार गरिएको भेटिएमा उम्मेदवारी खारेजी मात्रै नभई छ वर्षसम्म कुनै पनि निर्वाचन प्रक्रियामा भाग लिन नपाउने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिनुभयो।

निर्वाचनलाई प्रभाव पार्ने गतिविधिमाथि शून्य सहनशीलताको नीति अवलम्बन गरिने आयोगले स्पष्ट पारेको छ।

मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवकेपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ। निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्ति, सुरक्षा र सुव्यवस्थासहित भयसहित वातावरणमा निर्वाचन गर्न मौन अवधि महत्त्वपूर्ण रहन्छ।

निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरहने अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जानसक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो।

आ-आफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मतपरिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ।

मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्त्वपूर्ण हुने छ। मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ। यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्तिसुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ। विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्ने चलन छ।

भयरहित वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक खुला दिमागले 'योग्य र रोजेको' उम्मेदवारलाई मतदान गर्नका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा मौन अवधिलाई लिइने पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया बताउनुहुन्छ।

उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ। मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर




वरिपरी राखिएका आआफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ।

सो अवधिमा एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन। त्यस्तै उम्मेदवार वा राजनीतिक दलको प्रचार प्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन।

आउँदो बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन्। प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

त्यस्तै सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुने छ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजचार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन्। यस्तै एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदान स्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ। १४३ अस्थायी मतदानस्थल तय गरिएको छ। निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन्।

निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदैछन्। आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कुल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ। यसपटकको निर्वाचनमा चार अन्तर्राष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन्।

कोरियन ब्युटी प्रोड्क्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।
बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५
साथै होम डेलिभरीको सूविधा छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,